हाम्रो
# पर्यावरण

उद्योग, पर्यटन, वन तथा वातावण मन्त्रालय, कर्णाली प्रदेशद्वारा प्रकाशित

वर्ष १ - अंक-६ - जेठ - २०८३

## झण्डै ३५ सय मिटर उचाइमा जलवायु सम्मेलन



समुद्री सतहदेखि ३ हजार ४ सय ८५ मिटर उचाइमा अवस्थित गिडीदह लामो समयसम्म स्थानीय जनजीवन र किंवदन्तीभित्र सीमित थियो। जुम्लाकै सबैभन्दा ठूलो तालमध्ये एक भए पनि दुर्गम भूगोल, पहुँचको अभाव र राज्यको बेवास्ताका कारण यो प्राकृतिक सम्पदा वर्षौंसम्म राष्ट्रिय चर्चाबाहिर रह्यो । तर पछिल्ला चार वर्षमा भएका अध्ययन, सम्मेलन, पूर्वाधार निर्माण र नीतिगत बहसले गिडीदहलाई कर्णालीको नयाँ पर्यटकीय सम्भावनाको केन्द्रका रूपमा स्थापित गर्न थालेका छन् ।

२०७९ साल असोज ३ देखि ६ गतेसम्म गिडीदहमा पहिलो पटक सरकारी टोली पुग्नु यस क्षेत्रको इतिहासमै महत्वपूर्ण घटना मानिन्छ। तातोपानी गाउँपालिकाका जनप्रतिनिधि, पूर्व नेपाल पत्रकार महासंघका अध्यक्ष नेत्रबहादुर शाही, उपाध्यक्ष दिलमाया शाही तथा स्थानीय सरोकारवालासहितको टोलीले गिडीदह पुगेर यसको वास्तविक अवस्था, पर्यटन सम्भावना र संरक्षणका चुनौतीहरूको प्रत्यक्ष अध्ययन गरेको थियो ।

त्यतिबेला गिडीदहसम्म पुग्न चार दिनको जोखिमपूर्ण पैदल यात्रा गर्नुपर्थ्यो। गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाई, उपाध्यक्ष रेवती रावल, प्रमुख प्रशासकीय अधिकृत मिलन बुढाथोकीसहित ८४ जनाको टोली गिडीदह सम्मेलनमा सहभागी भएको थियो । तातोपानी गाउँपालिका-४ को आयोजनामा सम्पन्न उक्त सम्मेलनले

*बाँकी पृष्ठ ९ मा*

## विश्व वातावरण दिवस
# कर्णालीमा विविध कार्यक्रमसहित सम्पन्न




विश्व वातावरण दिवस, २०८३ को अवसरमा कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आयोजना गरेको अन्तरक्रिया, छलफल तथा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ। "समृद्ध भविष्यको आधार: जलवायु एवं प्रकृतिमैत्री विकास" भन्ने मूल नारासहित आयोजित कार्यक्रममा वातावरण संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा हरित विकासका विषयमा व्यापक छलफल गरिएको छ ।

विश्व वातावरण दिवस प्रत्येक वर्ष जुन ५ मा मनाइन्छ। सन् १९७२ मा आयोजित मानव वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको स्मरणमा सन् १९७३ देखि यो दिवस मनाउन थालिएको हो । हाल विश्वभरका १५० भन्दा बढी देशहरूमा वातावरण संरक्षण तथा दिगो विकाससम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यो दिवस मनाइँदै आएको छ । त्यसै सन्दर्भमा आज आयोजित कार्यक्रममा प्रदेश सरकारका विभिन्न मन्त्रालयका कर्मचारी, वन तथा वातावरण क्षेत्रका विज्ञ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । मन्त्रालयका सचिव अजित कर्णको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण वातावरण निरीक्षक केशव बस्यालले गर्नुभएको थियो भने स्वागत मन्तव्य विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखाका प्रमुख रमेश कुमार गिरीले व्यक्त गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा जलवायु परिवर्तनको बढ्दो प्रभाव, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, वातावरणीय सुशासन तथा संघ, प्रदेश र स्थानीय तहको भूमिकाका विषयमा प्रस्तुतीकरण तथा छलफल गरिएको थियो । सहभागीहरूले विकास निर्माणका गतिविधिहरूलाई वातावरणमैत्री बनाउँदै प्राकृतिक स्रोतहरूको संरक्षण र जनसहभागितालाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश सचिव कर्णले वातावरण संरक्षण सरकारको मात्र नभई सम्पूर्ण नागरिकको साझा दायित्व भएको बताउनुभयो । जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीहरूलाई सामना गर्न नीतिगत व्यवस्था मात्र पर्याप्त नहुने उल्लेख गर्दै उहाँले व्यवहारीक कार्यान्वयन, जनचेतना अभिवृद्धि तथा सरोकारवालाबीचको समन्वयलाई सुदृढ

*बाँकी पृष्ठ ७ मा*

## सम्पादकीय

# वृक्षारोपणभन्दा ठूलो चुनौती : बिरुवा जोगाउने दायित्व

विश्व वातावरण दिवसका अवसरमा कर्णालीका विभिन्न जिल्लामा हजारौं बिरुवा रोपिएका छन् । सरकारी कार्यालय, स्थानीय तह, सामुदायिक वन, विद्यालय र विभिन्न संघसंस्थाले उत्साहका साथ वृक्षारोपण कार्यक्रम सञ्चालन गरे । सामाजिक सञ्जाल बिरुवा रोपेका तस्बिरले भरिए । तर हरेक वर्ष दोहोरिने एउटा प्रश्न यसपालि पनि उस्तै छ–यी बिरुवा अर्को विश्व वातावरण दिवससम्म कति बाँच्छन् ? वृक्षारोपण आफैँमा वातावरण संरक्षणको महत्वपूर्ण अभियान हो । तर बिरुवा रोपेर फोटो खिच्नु मात्र वातावरण संरक्षण होइन । रोपिएका बिरुवाको नियमित स्याहार, संरक्षण र हुर्काउने काम नभएसम्म वृक्षारोपणको उद्देश्य पूरा हुँदैन । नेपालमा मात्रै होइन, कर्णालीमा पनि धेरै वृक्षारोपण कार्यक्रमहरू संरक्षणको अभावमा औपचारिकतामै सीमित भएका उदाहरण प्रशस्तै छन् । त्यसैले अब वृक्षारोपणको सफलता रोपिएका बिरुवाको सङ्ख्याले होइन, बाँचेका र हुर्किएका बिरुवाको सङ्ख्याले मापन गर्ने संस्कार विकास गर्न आवश्यक छ ।

कर्णाली प्राकृतिक सम्पदाले सम्पन्न प्रदेश हो । प्रदेशको ठूलो भूभाग वनले ढाकेको छ। यहाँका अधिकांश नागरिकको दैनिक जीवन, जीविकोपार्जन र आयआर्जन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वनसँग जोडिएको छ । प्रदेश सरकारको राजस्व संकलनमा पनि वन स्रोतको महत्वपूर्ण योगदान छ । जडीबुटी, काठ, गैरकाष्ठ वन पैदावार, वन पर्यटन तथा जैविक विविधताले कर्णालीको आर्थिक सम्भावना विस्तार गर्न सक्छन् । त्यसैले वन संरक्षण वातावरणीय मात्र होइन, आर्थिक समृद्धिको आधार पनि हो । प्रदेश सरकारअन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय र ५८ वटा सब-डिभिजन वन कार्यालयले वन व्यवस्थापनको जिम्मेवारी सम्हालिरहेका छन् । वन अपराध नियन्त्रण सामान्य प्रशासनिक काम होइन । यसमा कर्मचारीहरूले प्रत्यक्ष जोखिम उठाउनुपर्छ । विश्वभर हरेक वर्ष वन तस्कर र संगठित अपराध समूहसँगको भिडन्तमा वनकर्मीले ज्यान गुमाउने घटनाहरू भइरहेका छन् । नेपालमा पनि यस्ता दुःखद घटना दोहोरिएका छन् । त्यसैले वन सेवालाई अन्य प्रशासनिक सेवासरह हेर्ने दृष्टिकोण बदल्न आवश्यक छ । वनकर्मीको सुरक्षा, क्षमता अभिवृद्धि र कार्यसुविधा सुदृढ बनाउनु वन संरक्षणकै पूर्वसर्त हो । विश्व वातावरण दिवसले हरेक वर्ष हामीलाई हरियाली बढाउने सन्देश दिन्छ । तर हरियाली भाषण, नाराबाजी वा एकदिने वृक्षारोपण अभियानबाट मात्र सम्भव हुँदैन । बिरुवा रोपेपछि त्यसलाई पाँच वर्षसम्म संरक्षण गर्ने स्पष्ट योजना, बजेट र जिम्मेवारी निर्धारण गर्नुपर्छ ।

स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, विद्यालय र नागरिक समाजलाई संरक्षण अभियानसँग जोड्नुपर्छ । त्यससँगै वन संरक्षणको अग्रपङ्क्तिमा रहेका कार्यालयहरूलाई आवश्यक जनशक्ति, प्रविधि, सवारीसाधन, सञ्चार र आवास सुविधा उपलब्ध गराउनु प्रदेश सरकारको प्राथमिकता बन्नुपर्छ । कर्णालीको समृद्धि वनसँग जोडिएको छ । वन सुरक्षित भए वातावरण सुरक्षित हुन्छ, पानीका मुहान जोगिन्छन्, जैविक विविधता संरक्षण हुन्छ र स्थानीय अर्थतन्त्र बलियो बन्छ । त्यसैले अबको आवश्यकता वृक्षारोपणको संख्या बढाउने मात्र होइन, रोपिएका प्रत्येक बिरुवा बचाउने र वन संरक्षणका जिम्मेवार निकायलाई सक्षम बनाउने हो। विश्व वातावरण दिवसको सन्देश पनि यही हुनुपर्छ–बिरुवा रोप्नु अभियान हो, तर त्यसलाई जोगाउनु हाम्रो स्थायी दायित्व हो ।

# रुकुमपश्चिममा मानव-वन्यजन्तु द्वन्द्व रोक्न संयुक्त सुरक्षा गस्ती

रुकुमपश्चिममा मानव-वन्यजन्तुबिचको द्वन्द्व रोक्न संयुक्त रूपमा सुरक्षा गस्ती गरिने भएको छ । डिभिजन वन कार्यालयका प्रमुख वसन्तबाबु श्रेष्ठले मानव-वन्यजन्तु द्वन्द्वका कारण हुन सक्ने सम्भावित क्षति रोक्न जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागबिच संयुक्त गस्ती र सूचना आदानप्रदान गर्ने सहमति भएको जनाउनुभयो । डिभिजन वन कार्यालयमा भएको जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाइको बैठकमा यस विषयमा सहमति भएको डिभिजनल वन अधिकृत श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार मानव-वन्यजन्तुबिचमा द्वन्द्वका कारण प्रतिशोध लिई पासो, विद्युतीय धराप, विषलगायतका विधिबाट वन्यजन्तु मार्ने र तिनको आखेटोपहारको अवैध व्यापार हुने कार्यलाई नियन्त्रण र निरुत्साहित गर्न यस्तो निर्णय गरिएको हो ।

डिभिजन कार्यालय र सुरक्षा निकायबिच संयुक्त गस्ती परिचालन एवं सूचना आदानप्रदान कार्यले थप क्षति हुनबाट जोगाउने उहाँको भनाइ छ । यसका साथै वन्यजन्तु चोरीसिकारी नियन्त्रण र वन्यजन्तुको अवैध व्यापार नियन्त्रणलाई प्रभावकारी बनाउन सिमाना जोडिएका जिल्लाबिचमा पनि सहकार्य गरिने छ । रुकुमपश्चिम, जाजरकोट, डोल्पा, रुकुमपूर्व र सल्यान जिल्लाबिच समन्वयात्मक बैठक आयोजना गरेर थप योजना निर्माण गरिने भएको हो । बैठकले वन्यजन्तुबाट भएको क्षतिको राहत रकम पीडित पक्षलाई डिभिजन वन कार्यालयबाटै वितरण गर्दा छिटोछरितो र सहज हुने भएकाले सोको व्यवस्थाका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई अनुरोध गर्ने निर्णय गरेको डिभिजनल अधिकृत श्रेष्ठले जानकारी दिनुभयो । यसअघि डिभिजन वन कार्यालयले मानव-वन्यजन्तुबिचको द्वन्द्व कम गर्न विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ । कार्यालयले वडा कार्यालय, वन उपभोक्ता समूहलगायतसँगको सहकार्यमा अभिमुखीकरण, छलफललगायत सचेतनाका कार्य गर्ने गरेको छ ।

# वन्यजन्तु संरक्षणसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न



डिभिजन वन कार्यालय रुकुम (पश्चिम) ले वन्यजन्तु संरक्षण तथा जैविक विविधता संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले दुई स्थानमा सचेतना कार्यक्रम सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रममार्फत कार्यालय मातहतका बाँफिकोट र मुसिकोट सब-डिभिजन वन कार्यालयमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि, सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूहका पदाधिकारी एवं सरोकारवालाको सहभागिता रहेको थियो । सचेतना कार्यक्रममा वन्यजन्तु तथा तिनका वासस्थानको संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जैविक विविधता संरक्षणका विषयमा छलफल गरिएको थिया ।

# रुकुम पश्चिममा पाटन तथा खर्क व्यवस्थापनबारे अन्तरक्रिया



रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-३ झारमारेमा पाटन तथा खर्क व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। पाटन तथा चरनखर्कहरूको संरक्षण, व्यवस्थापन र दिगो उपयोगमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

डिभिजन वन कार्यालय रुकुम (पश्चिम भाग) को आयोजनामा सम्पन्न कार्यक्रममा डिभिजनल वन अधिकृत बसन्तबाबु श्रेष्ठको अध्यक्षता तथा जिल्ला समन्वय समिति प्रमुख लुम्बिनी गौतमको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख देवबहादुर विक, प्रमुख जिल्ला अधिकारी निशानराज गौतम, प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेल, प्रमुख अनुसन्धान अधिकृत नेवबहादुर राणा, वन्यजन्तु संरक्षणकर्मी गोविन्द सिंह, आठबिसकोट नगरपालिका वडा नं. १ र २ का वडा अध्यक्ष, डिभिजन वन कार्यालय जाजरकोटका वन अधिकृत, कृषि तथा पशु सेवा शाखाका कर्मचारी, स्थानीय पशुपालक कृषक तथा वन कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो। अन्तरक्रियामा पाटन तथा चरनखर्कको संरक्षण, व्यवस्थापन र दिगो उपयोगका उपायबारे विस्तृत छलफल गरिएको थियो। सहभागीहरूले खर्क क्षेत्रको प्रभावकारी व्यवस्थापनमार्फत घाँस उत्पादन वृद्धि, पशुपालन व्यवसायको प्रवर्द्धन तथा स्थानीय कृषकको आयआर्जनमा टेवा पुऱ्याउने विषयमा सुझाव दिएका थिए। छलफलबाट आठबिसकोट नगरपालिका वडा नं. १, २ र ३ का पाटन क्षेत्रका पशुपालक कृषकहरूलाई समेटेर तीन वटा खर्क व्यवस्थापन उपभोक्ता समिति गठन गर्ने निर्णय गरिएको छ। साथै खर्क व्यवस्थापन नीति कार्यान्वयनमार्फत चरन व्यवस्थापनलाई व्यवस्थित बनाउने, घाँस उत्पादन बढाउने तथा खर्कहरूको दिगो उपयोग सुनिश्चित गर्ने सहमति समेत भएको जनाइएको छ।

# जाजरकोटमा वन तथा वन्यजन्तु अपराध अनुसन्धानमा क्षमता अभिवृद्धि तालिम



वन तथा वन्यजन्तुसम्बन्धी अपराधको प्रभावकारी अनुसन्धान र अभियोजनलाई सुदृढ बनाउने उद्देश्यले डिभिजन वन कार्यालय जाजरकोटले दुईदिने क्षमता अभिवृद्धि तालिम सञ्चालन गरेको छ। तालिमको पहिलो दिन २०८३ जेठ २२ गते वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयका गरी २८ जना कर्मचारी तथा सरोकारवालाको सहभागितामा चारवटा प्राविधिक सत्र सञ्चालन गरिएको डिभिजन वन कार्यालयले जनाएको छ। तालिममा डिभिजन वन कार्यालयका अधिकृत तथा रेन्जर १५ जना, जिल्ला प्रहरी कार्यालयका ५ जना, जिल्ला अदालतका ४ जना तथा जिल्ला प्रशासन कार्यालयका ४ जना गरी कुल २८ जनाको सहभागिता रहेको थियो। पहिलो सत्रमा जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालले वन तथा वन्यजन्तुसम्बन्धी कसुर, प्रचलित कानुनी व्यवस्था तथा अभियोजन प्रक्रियाका विषयमा सहजीकरण गरेका थिए। दोस्रो सत्रमा प्रहरी नायब उपरीक्षक बुद्धिसागर पुरीले अपराध अनुसन्धानका क्रममा घटनास्थलको सुरक्षा, प्रमाण संकलन तथा विश्लेषण, आवश्यक मुचुल्का तयार गर्ने प्रक्रिया, बरामद सामग्रीको संरक्षण तथा कल डिटेल रेकर्ड (सीडीआर) विश्लेषणलगायत अनुसन्धानका प्राविधिक पक्षबारे प्रशिक्षण दिएका थिए। तेस्रो सत्रमा प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले नेपालमा अर्धन्यायिक निकायसँग सम्बन्धित कानुनी मान्य सिद्धान्त, विद्यमान चुनौती तथा सुधारका उपायबारे प्रस्तुति दिएका थिए।

यस्तै, चौथो तथा अन्तिम सत्रमा जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालले अनुसन्धानका क्रममा तयार गरिने कानुनी कागजात, अभियोजनका लागि आवश्यक प्रक्रिया तथा प्रमाण व्यवस्थापनका विषयमा प्रशिक्षण दिएका

*बाँकी पृष्ठ १० मा*

अन्तर्वार्ता

# “वन संरचना खारेजीले कार्यसम्पादनमा रिक्तता सिर्जना गर्छ, प्रदेश सरकारले पुनर्विचार गरोस्”

कर्णाली प्रदेश सरकारको यही जेठ २८ गते बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश वन निर्देशनालय लगायत विभिन्न निर्देशनालय खारेज गर्ने तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगायत केही तालिम केन्द्रहरूलाई कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा गाभ्ने निर्णय गरेको छ । आगामी साउन १ गतेबाट लागू हुने गरी गरिएको उक्त निर्णयको वन तर्फका सरोकारवालाहरुले भने विरोध जनाउनुका साथै पुनर्विचार गर्न माग गरेका छन् । यसै सन्दर्भमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव अजितकुमार कर्ण, प्रदेश वन निर्देशनालयका निर्देशक शेरबहादुर श्रेष्ठ र नेपाल वन प्राविधिक संघ कर्णाली प्रदेशका अध्यक्ष शेरबहादुर परियारसंग गरिएको कुराकानीको संक्षेपमा :



**शेरबहादुर परियार**
अध्यक्ष
नेपाल वन प्राविधिक संघ कर्णाली प्रदेश

**कर्णाली प्रदेश सरकारले प्रदेश वन निर्देशनालय खारेज गर्ने र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई प्रशिक्षण प्रतिष्ठानमा गाभ्ने निर्णय गरेको सन्दर्भमा तपाईंहरुको विरोध किन ? प्रष्ट पारिदिनुस न ?**

एउटा प्रदेश वन निर्देशनालयलाई खारेज गर्ने भन्ने कुरा आएको छ, अर्को कुरा चाहिँ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गर्ने कामहरू चाहिँ कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट हुने र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई खारेज गर्ने भन्ने कुरा आएको छ । अब यो दुवैमा चाहिँ हामीले, यो दुवै वन सेवाको लागि, विशेषगरी अब हामी कर्णाली प्रदेशमा वन सेवा यहाँको प्राकृतिक स्रोतको संरक्षण गर्ने, वनको संरक्षण गर्ने जिम्मेवारी चाहिँ वन सङ्गठनकै भएको कारणले गर्दाखेरि यो दुवै कुराले वन सङ्गठनलाई अत्यन्तै नकारात्मक असर पार्छ । र त्यसकारणले गर्दाखेरि यो यसको पक्षमा हामीले यसलाई चाहिँ सहजै स्वीकारेर अगाडि बढ्ने अवस्था चाहिँ छैन । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले चाहिँ समग्र वन सेवाका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, तालिमहरू दिने, किनभने वन सेवा चाहिँ आफैमा विशिष्ट प्रकारको अर्धन्यायिक प्रकृतिको सेवा हो । अब यसको तालिम चाहिँ अन्य निकायहरूबाट भन्दा पनि वन सेवा भित्रकै निकायबाट हुँदाखेरि चाहिँ प्रभावकारी भइरहेको थियो । र अर्को काम चाहिँ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वनसँग सम्बन्धित अध्ययन, अनुसन्धान, खोज अनुसन्धानहरू गरिरहेको छ । यो कुरा भयो । अब त्यसकारणले गर्दाखेरि पनि यो कुरा चाहिँ हामीलाई अलिकति आश्चर्यचकित बनाएको छ, यो खारेजमा पर्ने कुरा ।

**प्रदेश वन निर्देशनालयको भूमिका वन ऐनअनुसार पुनरावेदन निकायको रूपमा समेत हो । तर खारेजीले वन प्रशासनको कार्यसम्पादनमा कस्तो चुनौती वा रिक्तता सिर्जना गर्छ ?**

प्रदेश वन निर्देशनालय त झन् वन ऐन २०७६, वन नियमावली २०७९ लगायतका प्रदेशका कानुनहरू, राष्ट्रिय स्तरका नीति र नीति योजनाहरू सबैले चाहिँ प्रदेश वन निर्देशनालयलाई महत्वपूर्ण जिम्मेवारी दिएको छ । त्यसकारणले गर्दाखेरि त्यसको त्यो जिम्मेवारीहरू पूरा गर्नको लागि एउटा भ्याकुम अथवा एउटा रिक्तता चाहिँ उत्पन्न भएको छ । त्यसले चाहिँ निकै दूरगामी असर पार्छ । त्यसकारणले गर्दाखेरि यो कुरामा चाहिँ हामीले अब सहमति जनाउन सक्ने अवस्था चाहिँ छैन । तथापि आधिकारिक रूपमा हामीले नेपाल वन प्राविधिक सङ्घको आधिकारिक धारणा त तयार पार्ने नै छौं, आज हामी बैठक बसेर तयार पार्छौं । र अहिले मैले चाहिँ व्यक्तिगत रूपमा चाहिँ अध्यक्षको हैसियतले के भन्छु भनेदेखि हामी यसमा चाहिँ सहजै यो चाहिँ कानुनी कारबाहीका कुराहरू चाहिँ प्रदेश वन निर्देशनालय एउटा आफैमा एउटा पुनरावेदन अदालत सरहको निकाय हो। जस्तो डीएफओले कुनै जस्तो डिभिजनल वन अधिकृतले कुनै कुरा अथवा कुनै मुद्दामा फैसला गरेकोमा चित्त बुझेन, जस्तो सामुदायिक वनलाई खारेज गर्ने कुरामा चाहिँ चित्त बुझेन भने सामुदायिक वनले चाहिँ प्रदेश वन निर्देशनालयमा त्यसको पुनरावेदन गर्ने र प्रदेश वन निर्देशकले गरेको निर्णय चाहिँ अन्तिम निर्णय हुने व्यवस्था चाहिँ वन ऐनमा गरेको छ। अब भनेपछि अब प्रदेश वन निर्देशक को हो त भन्दाखेरि कानुनमै प्रदेश वन निर्देशनालयको प्रमुख हो । अब प्रदेश वन निर्देशनालय नै नभएपछि अब त्यो फेरि प्रदेश वन निर्देशक हुन्छ भन्ने कुरा चाहिँ त्यो एकदम हास्यास्पद कुरा हो ।

**सरकारले त यो निर्णय गरिसक्या छ । आगामी दिनमा नेपाल वन प्राविधिक संघ कर्णाली प्रदेशले के कस्ता कदमहरू चाहिँ चाल्छ यसका लागि ?**

अब यसमा आज मात्रै पनि हामीले वनका सबै कर्णाली प्रदेशका ११ वटै डिभिजन वन कार्यालयका डीएफओ साबहरूसँग, त्यस्तै गरेर वन प्राविधिकहरूसँग एउटा खालको छलफल चाहिँ गरेका छौं । र छलफलबाट पनि अब पहिलो कुरा त हामीले प्रदेश सरकारलाई यो भन्दा अगाडि निर्णय गर्नुभन्दा अगाडि केही धेरै कुराहरूमा चाहिँ हामीले प्रदेश सरकारलाई चाहिँ यो भन्दा अगाडि भएका नजिरहरू, त्यस्तै यसले चाहिँ प्रभाव पार्ने कुराहरूको विषयमा जानकारी गराएका छौं । अब त्यो जानकारी गराउँदा गराउँदै पनि उहाँहरूले चाहिँ अब यसलाई चाहिँ अन्देखा अथवा गरेर यो निर्णय ल्याइसकेपछि अब हामी चाहिँ कानुनी बाटो समात्ने नै अबको बाटो हुन्छ । हामी चाहिँ कानुनी उपचारकै हिसाबमा जान्छौं होला ।

**प्रदेश वन निर्देशनालय खारेजीले वन प्रशासनको**

बाँकी पृष्ठ ५ मा

# वन संरचना...



**शेरबहादुर श्रेष्ठ**
कर्णाली प्रदेश वन निर्देशक

**कार्यसम्पादनमा कस्तो चुनौती वा रिक्तता सिर्जना गर्छ ?**

प्रदेश वन निर्देशनालय एउटा संरचना मात्र नभएर वन वातावरण क्षेत्रको एक पुनरावेदन गर्ने निकाय समेत हो । हाम्रो कानुनले नै सिर्जना गरेको कार्यालय हो वन निर्देशनालय । संघीय र प्रदेश दुवै भनौं न वन सम्बन्धी ऐन र नियमावलीले चाहिँ स्पष्ट व्याख्या गरेको नियम हो ।

यो निर्देशनालय खारेज हुँदै गर्दाखेरि चाहिँ संघीय वन ऐनको पाँचवटा चाहिँ, चारवटा दफाको पाँचवटा उपदफा, नियमावलीको २ ९ वटा नियमको ४३ वटा उपनियमहरू कार्यान्वयन हुन बाधा पर्छ । कर्णाली प्रदेश सरकारकै वन ऐन २०७८ र नियमावलीको कुरा गर्ने हो भनेदेखि ऐनको १३ वटा दफा र १९ वटा उपदफा, नियमावलीको २४ वटा नियम र ५३ वटा उपनियम, भनेपछि वन क्षेत्रको दैनिक रूपमा चाहिँ जुन काठ दाउराको संकलन, व्यवस्थापन, त्यसको चेकजाँच, त्योसँग सम्बन्धित उजुरी, त्योसँग सम्बन्धित नीति निर्देशनहरू, यो चाहिँ के छ भने मन्त्रालयले एउटा अहिले समन्वयात्मक निकाय, नीति कानुन कार्यविधि बनाउँछ भनेदेखि यो निर्देशनालयले चाहिँ प्राविधिक कार्यको रेखदेख, सुपरभिजन, निर्देशन र परिपालना गर्ने काम गर्थ्यो ।

त्यो काम नहुँदै गर्दाखेरि चाहिँ यो वन क्षेत्रमा यसले चाहिँ भोलिको दिनमा काम गर्नलाई कानुनी जटिलता र वन क्षेत्रमा काम डिभिजन वनले चाहिँ काम गर्नलाई चाहिँ कानुनी रूपमा अवरोध हुने अवस्था छ ।

सरकारले खर्च घटाउने, संरचनाहरूलाई सानो बनाउने, गाभ्ने त्यो हिसाबले अगाडि बढिरहँदा खेरि मन्त्रालय अन्तर्गत, मन्त्रालय अन्तर्गत नै निर्देशनालयको काम हुने गरी निर्णयमा गरेको छ । यसले के फरक पर्छ त्यसो गर्दाखेरि ? निर्देशनालयको काम मन्त्रालय अन्तर्गत नै हुने भयो भने खर्च घटाउने हिसाबले त यो उपयुक्त नै होला नि ?

हैन, यो सर्भिस डेलिभरी गर्ने कुरा खर्च घटाउने विषयसँग जोडिँदैन। सर्भिस डेलिभरी मात्रै होइन, लीगल रिक्वायरमेन्ट । कुनै कुरा अदालतले नाफा, घाटा, खर्च घटाउने विषय कानुनी न्यायको रोहमा त्यो चाहिँ कस्तो भनेदेखि हामीले चाहिँ कानुनी रोहको रूपमा गर्नुपर्ने दायित्व खर्च घटाउने अथवा बढाउनेसँग विषय नभइकन सरकारको विधि प्रक्रिया अनुसार सर्भिस डेलिभरी गर्ने विषय हुन्छ ।

यो कानुनी रोहमा वनको जति पनि काम कारबाही छ, त्यसको प्रक्रिया कुरा छ, त्यसको सहजीकरण र कानुनी नीति निर्देश गर्ने कुरा, अनुगमन गर्दिनुपर्ने प्राविधिक रूपमा निकास गर्दिनु कुरा त धेरै छ त्यो । त्यो कुराको अल्भन चाहिँ यसले परिपूर्ति गर्न सक्दैन ।

अर्को कुरा के छ भने वन निर्देशक भनेको प्रदेश वन निर्देशनालयको प्रमुख भन्ने बुझ्नुपर्छ र वन निर्देशकले नै गर्नुपर्ने कामहरू धेरै छ र वन निर्देशनालयले गर्नुपर्ने काम पनि छ । त्यो चाहिँ मन्त्रालयले गरेर मिल्ने खालको नै छैन, कानुनले नै त्यो खालको परिकल्पना गरेको छैन । मन्त्रालयको भूमिका एउटा स्पष्ट छ छुट्टै हैन, र प्रदेश वन निर्देशनालयको भूमिका कानुनले नै छुट्टै तरिकाले दिएको छ ।

**अब के गर्नुहुन्छ त तपाईंहरू अब यो निर्णय आइसकेपछि ?**

हामी चाहिँ अझै पनि प्रदेश सरकारले यस विषयमा पुनरावलोकन गर्नुहुनेछ भन्ने आशामा छौं र प्रदेश सरकारलाई कानुनी बाध्यताका विषय बुझाउँछौं पहिलो कुरा । यदि त्यो खालको पनि सम्भव भएन भने हाम्रो प्राविधिक, हाम्रो चाहिँ अब विषयगत वन क्षेत्रको संरक्षण, व्यवस्थापन र नीतिगत कानुनी व्यवस्थाको संरक्षणको लागि र हितको लागि नै हामी चाहिँ यो सङ्गठनको चाहिँ कानुनी रूपमा उपचारमा हामी जानुपर्ने बाध्यता हुन्छ। यो चाहिँ हाम्रो दोस्रो विकल्प हो र बाध्यता हो ।



**अजितकुमार कर्ण**
प्रदेश सचिव

अब हाम्रो धारणा र सुझाव के भने, जस्तै यो संरचना अब सङ्घीय सरकार, हैन, प्रदेश सरकार यो वन क्षेत्र भनेको प्रदेश सरकारकै पनि ठुलो राजस्वको क्षेत्र हो, हैन । त्यसमा जस्तै अब वन व्यवस्थापन, संरक्षण, त्यसबाट राजस्व उपार्जनहरू कार्यक्रम उसमा चाहिँ यो चाहिँ ठुलो कम्प्लेक्सिटी आउँछ यसले, समस्या आउँछ यो निर्णयबाट, हैन। त्यसले गर्दाखेपि यसमा पुनर्विचार गर्न चाहिँ म अनुरोध गर्न चाहन्छु । किनभने यो के रे सङ्घको र प्रदेशको एउटा पुलको रूपमा पनि काम गरेको छ र विभिन्न मुद्दाहरूको हकमा यसले अन्तिम डिभिजन वन कार्यालयले गरेको निर्णयको उसमा पनि पुनरावेदन सुन्ने अदालतको जस्तो पनि यसले काम गर्छ । प्लस विभिन्न कामहरू जुन वन व्यवस्थापन, संरक्षणका कुराहरूमा समय समयमा अनुगमन गर्ने र उसले सहजीकरण गर्ने, त्यहीँबाट निर्णय दिने समेतको कुराहरू पनि छ, हैन ।

सङ्घ सरकारमा पनि रिपोर्टिङका कुराहरू, यो प्रदेशमा पनि यो अन्तर्राष्ट्रिय, राष्ट्रिय कहिँ पनि यस्तो दुई तहको मात्रै कार्यालय निकाय छैन वनमा । र त्यो, त्यो के भने प्राकृतिक स्रोत हो, हाम्रो अहिलेको जेनेरेसनलाई होइन कि यो सधैँ यो समग्र वन भनेको हाम्रो यहाँ प्रदेशको मात्रै होइन, यो त अन्तर्राष्ट्रिय महत्त्व राख्छ। राष्ट्रिय, अन्तर्राष्ट्रिय महत्व राख्ने भएकोले यसको यो गरिमालाई हामीले नबुझिकन एकैचोटि तपाईंको कस्तो भने जिल्लाको तहले काम गर्ने र एकैचोटि नीतिगत तहको मन्त्रालयले हेर्ने बीचमा कुनै एउटा जुन छ नि, यो अहिलेको संरचना छ, यो यसलाई चाहिँ हटाइदियो भने ठुलो भ्याकुम बन्छ र यसले ठुलो समस्या निम्त्याउँछ ।

## डढेलो जोखिम न्यूनीकरणका लागि संरक्षण पोखरी निर्माण

वन डढेलोको जोखिम न्यूनीकरण, वन(यजन्तुका लागि पानीको स्रोत व्यवस्थापन तथा तल्लो तटीय क्षेत्रमा भू-जल पुनर्भरण (रिचार्ज) गर्ने उद्देश्यले जाजरकोटमा संरक्षण पोखरी निर्माण कार्य अघि बढाइएको छ ।

डिभिजन वन कार्यालयको पहलमा चिद(ला सामुदायिक वन उपभोक्ता समूह र थन(ौरा कचुरानी सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत तीन-तीन वटा गरी कुल छ वटा संरक्षण पोखरी निर्माण भइरहेको छ ।

हाल पोखरी निर्माणको मुख्य संरचन(ात्मक कार्य अन्तिम चरणमा पुगेको छ भने पानीको स्रोत व्यवस्थापन तथा पोखरी वरिपरि वृक्षारोपण गर्ने कार्य बाँकी रहेको सम्बन्धित कार्यालयले जनाएको छ ।

# निबन्ध प्रतियोगितामा सैनिक आवासीय महाविद्यालयकी मोनिका प्रथम





विश्व वातावरण दिवसको अवसरमा प्रदेश वन निर्देशनालय कर्णालीले आयोजना गरेको निबन्ध प्रतियोगितामा सैनिक आवासीय महाविद्यालयकी छात्रा मोनिका बडुवाल प्रथम हुनुभएको छ। वातावरण संरक्षण, सरसफाइ तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित 'वन, वातावरण तथा जैविक विविधता संरक्षणमा विद्यार्थी नेतृत्वको भूमिका' विषयक निबन्ध प्रतियोगितामा मोनिकाले प्रथम स्थान हासिल गर्दै नगद १५ हजार रुपैयाँ, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नुभयो।

प्रतियोगितामा सैनिक आवासीय महाविद्यालयकै सिक्सटिना बोहरा द्वितीय हुनुभयो। उहाँले नगद १० हजार रुपैयाँसहित प्रमाणपत्र र ट्रफी प्राप्त गर्नुभयो। उषा बालबाटिका माध्यमिक विद्यालयकी जोसना बुढाले तृतीय स्थान हासिल गर्दै नगद पाँच हजार रुपैयाँ, प्रमाणपत्र र ट्रफी हात पार्नुभयो। त्यस्तै, उषा बालबाटिका माध्यमिक विद्यालयका प्रिन्स पन्त, भैरव माध्यमिक विद्यालयका दिपेन्द्र शाही, अमरज्योति माध्यमिक विद्यालयका सुदर्शन अधिकारी तथा सरस्वती थापा र नविना गौतमले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो। उहाँहरुलाई जनही दुई हजार रुपैयाँ नगद, प्रमाणपत्र र मेडल प्रदान गरिएको थियो। प्रदेश वन निर्देशनालयका अनुसार प्रतियोगितामा वीरेन्द्रनगरभित्रका सात माध्यमिक विद्यालयका ४० जना विद्यार्थी सहभागी भएका थिए। प्रतियोगितामा उत्कृष्ट हुने विद्यार्थीलाई कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सुरेश अधिकारी, मन्त्रालयका सचिव अजितकुमार कर्ण तथा प्रदेश वन निर्देशनालयका निर्देशक शेरबहादुर श्रेष्ठले पुरस्कार, प्रमाणपत्र, मेडल र ट्रफी वितरण गर्नुभएको थियो। कार्यक्रम संयोजक जेपी बुढाथोकीका अनुसार भेरी नदी पुल नजिक रहेको सुन्दर कर्णाली गौशालामा आयोजित वृक्षारोपण कार्यक्रमको अवसरमा पुरस्कार वितरण गरिएको हो। पुरस्कार वितरण कार्यक्रममा बोल्दै प्रदेश वन निर्देशनालयका निर्देशक शेरबहादुर श्रेष्ठले वातावरण संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा प्राकृतिक स्रोतको दिगो उपयोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विद्यार्थीबीच प्रतियोगिता आयोजना गरिएको बताउनुभयो। उहाँले निबन्ध प्रतियोगितामार्फत विद्यार्थीहरूमा प्रकृति र मानव जीवनबीचको अन्तरनिर्भर सम्बन्धबारे सचेतना फैलाउने उद्देश्य रहेको उल्लेख गर्नुभयो। "स्वच्छ हावा, शुद्ध पानी, हरियाली वनजङ्गल र जैविक विविधता हाम्रो अस्तित्वका आधार हुन्," उहाँले भन्नुभयो, "पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनको प्रभाव, अव्यवस्थित सहरीकरण र बढ्दो वन विनाशका कारण हाम्रो पर्यावरण गम्भीर चुनौतीको सामना गरिरहेको छ।"

निर्देशक श्रेष्ठले वातावरण संरक्षण आजको प्रमुख आवश्यकता भएको उल्लेख गर्दै यसको जिम्मेवारी सबै नागरिकको भए पनि विशेष गरी भावी पुस्ताको भूमिका महत्वपूर्ण रहने बताउनुभयो।

# अवैध काठसहित ट्याक्टर नियन्त्रणमा, दुई जना पक्राउ

अवैध रूपमा सालको गोलिया तथा चिरान काठ ओसारपसार गरिरहेको अवस्थामा प्रहरीले ट्याक्टरसहित दुई जनालाई पक्राउ गरी आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय रुकुम (पश्चिम) मा बुझाएको छ।

प्रहरीका अनुसार चौरजहारी नगरपालिका-१ खोलीबजार क्षेत्रबाट सालको गोलिया र चिरान काठ लोड गरी ल्याइरहेको अवस्थामा भे.१ त ७४२३ नम्बरको ट्याक्टर नियन्त्रणमा लिइएको हो। पक्राउ पर्नेमा ट्याक्टर चालक सानीभेरी गाउँपालिका-१ निवासी चिरञ्जीवी खड्का र सहचालक चौरजहारी नगरपालिका-१ निवासी बिनोद बोहरा रहेका छन्। बरामद काठ, ट्याक्टर तथा पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय रुकुम (पश्चिम भाग) मा बुझाइएको प्रहरीले जनाएको छ। घटनाको अनुसन्धानका लागि वन अधिकृत राजेश साहलाई अनुसन्धान अधिकारी तोकिएको छ। कार्यालयका अनुसार घटनासम्बन्धी थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको छ।

# जाजरकोटमा वन व्यवस्थापनका लागि सरोकारवालासँग संवाद

वन तथा वातावरण संरक्षण, सामुदायिक वन व्यवस्थापन तथा चरण क्षेत्रको दिगो उपयोगका विषयमा जाजरकोटमा डिभिजन वन कार्यालयले विभिन्न तहका सरोकारवालासँग व्यापक छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । वन व्यवस्थापनलाई स्थानीय आवश्यकता र समुदायसँग जोड्ने उद्देश्यले जिल्लाका उच्च हिमाली क्षेत्रदेखि स्थानीय तहसम्म प्रत्यक्ष संवाद गरिएको हो ।

यसक्रममा पहिलोपटक डिभिजन वन कार्यालय जाजरकोटको टोली करिब ३ हजार मिटर उचाइमा रहेको चरण क्षेत्रमा पुगेर भेडापालक कृषकहरूसँग प्रत्यक्ष छलफल गरेको छ। छलफलमा भेडापालन व्यवसाय, चरण क्षेत्रको व्यवस्थापन, वन संरक्षण र कृषकहरूले भोगिरहेका समस्या तथा समाधानका उपायबारे विचार-विमर्श गरिएको थियो । कार्यक्रममा कर्णाली प्रदेश वन निर्देशनालयका निर्देशक शेरबहादुर श्रेष्ठ, डिभिजन वन कार्यालय जाजरकोटका प्रमुख दिपेश केसी, बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरी, वडा नम्बर ३ का अध्यक्ष रामबहादुर सिंह, वडा नम्बर ४ का अध्यक्ष विष्णुबहादुर रावत तथा बारेकोट गाउँपालिका-३ र ४ का भेडापालक कृषकहरूको सहभागिता रहेको थियो ।

छलफलका क्रममा कृषकहरूले उच्च हिमाली क्षेत्रमा चरण व्यवस्थापन, वनसँग सम्बन्धित कानुनी प्रक्रिया, पूर्वाधार अभाव, पशु स्वास्थ्य सेवा तथा भेडापालन व्यवसायमा देखिएका विभिन्न समस्याबारे आफ्ना धारणा राखेका थिए । वन अधिकारीहरूले स्थानीय समुदायसँगको सहकार्यलाई अझ प्रभावकारी बनाउँदै वन संरक्षण र जीविकोपार्जनलाई सँगसँगै अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए । यसैबीच, शिवालय गाउँपालिकामा पनि वन तथा वातावरण संरक्षण एवं व्यवस्थापनका विषयमा स्थानीय तह र सामुदायिक वन उपभोक्ताबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । शिवालय गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरू, सबै वडाध्यक्ष, गाउँपालिकाभित्र रहेका २५ वटा सामुदायिक वनका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । अन्तरक्रियामा वन तथा वातावरण संरक्षण, सामुदायिक वनको प्रभावकारी व्यवस्थापन, जैविक विविधताको संरक्षण तथा वन क्षेत्रमा संघ, प्रदेश र स्थानीय सरकारको भूमिका र जिम्मेवारीका विषयमा विस्तृत छलफल गरिएको थियो । सहभागीहरूले वन संरक्षणसँगै स्थानीय समुदायको जीविकोपार्जन र विकासलाई सन्तुलित रूपमा अघि बढाउन तीनै तहका सरकारबीच प्रभावकारी समन्वय आवश्यक रहेकोमा जोड दिएका थिए ।

डिभिजन वन कार्यालय जाजरकोटका अनुसार वन व्यवस्थापनलाई समुदायमैत्री, सहभागितामूलक र दिगो बनाउने उद्देश्यले यस्ता प्रत्यक्ष संवाद तथा अन्तरक्रिया कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइनेछ । उच्च हिमाली क्षेत्रमा भेडापालक समुदायसँग गरिएको प्रत्यक्ष छलफल र स्थानीय तह तथा सामुदायिक वनसँग गरिएको अन्तरक्रियाले वन संरक्षण र समुदायको हितलाई जोड्ने साझा अवधारणालाई थप बल पुर्‍याएको कार्यालयले जनाएको छ ।

## जाजरकोटमा वन अतिक्रमण हटाउने ३५ दिने अल्टिमेटम

जाजरकोट जिल्लामा व्यापक रूपमा भइरहेको वन अतिक्रमण नियन्त्रण गर्न सम्बन्धित निकायले कडा कदम चाल्ने भएको छ । वन अतिक्रमण नियन्त्रण समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको विशेष बैठकले वन क्षेत्रमा भएका अवैध अतिक्रमण हटाउन ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरेको छ । तोकिएको अवधिभित्र अतिक्रमणकारीहरूले क्षेत्र खाली नगरेमा बल प्रयोग गरी अतिक्रमण हटाइने निर्णयसमेत गरिएको छ । बैठकले जिल्लामा वन अतिक्रमणको वर्तमान अवस्थाबारे विस्तृत समीक्षा गर्दै मुख्य पाँच वटा महत्वपूर्ण एजेन्डामा निर्णय गरेको छ। पहिलो चरणमा वन अतिक्रमणको वास्तविक अवस्थाको पहिचान गरी प्रतिवेदन तयार गर्ने, दोस्रो चरणमा ३५ दिने सार्वजनिक सूचना जारी गर्ने तथा सरोकारवाला निकायबीच समन्वय बढाउने निर्णय गरिएको छ । त्यसैगरी वन क्षेत्रबाट हटाइएका भूमिहीन तथा समस्यामा परेका परिवारका लागि अस्थायी आवासको व्यवस्था गर्ने र अभियानका क्रममा उत्पन्न हुन सक्ने अवरोधलाई ध्यानमा राखी आवश्यक सुरक्षा व्यवस्था तथा स्रोत साधनको प्रबन्ध गर्ने निर्णयसमेत गरिएको छ ।

समितिले अतिक्रमण नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन नियमित रूपमा बैठक बस्ने निर्णय गरेको छ । डिभिजन वन कार्यालय जाजरकोटका प्रमुख दीपेश केसीले वन क्षेत्र राज्यको सम्पत्ति भएकाले यसको संरक्षणमा कुनै सम्झौता नगर्ने बताउनुभएको छ । उहाँका अनुसार पहिलो चरणमा ३५ दिन सूचना जारी गरी नागरिकलाई स्वेच्छिक रूपमा अतिक्रमण हटाउने अवसर दिइनेछ । त्यसपछि पनि अतिक्रमण नहटाइए कानुनी प्रक्रिया अनुसार कडा कारबाही गरिनेछ ।

## कर्णालीमा...

बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले हरित विकास, वातावरणीय सुशासन तथा जैविक विविधताको संरक्षणमार्फत मात्र दिगो र समृद्ध भविष्य निर्माण गर्न सकिने धारणा व्यक्त गर्नुभयो । कार्यक्रमकै दौरानमा वृक्षारोपण कार्यक्रमसमेत सञ्चालन गरिएको थियो। सहभागीहरूले विभिन्न प्रजातिका बिरुवाहरू रोप्दै हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेका थिए। वृक्षारोपणले कार्बन उत्सर्जन न्यूनीकरण, जैविक विविधता संरक्षण तथा स्वच्छ वातावरण निर्माणमा दीर्घकालीन योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको थियो । कार्यक्रममा वक्ताहरूले पछिल्ला वर्षहरूमा कर्णाली प्रदेशमा जलवायु परिवर्तनका प्रभावहरू थप स्पष्ट रूपमा देखिन थालेको उल्लेख गर्दै अनियमित वर्षा, खडेरी, बाढीपहिरो, वन डढेलो तथा जैविक विविधताको क्षय जस्ता समस्याहरूले प्रदेशको वातावरणीय अवस्था चुनौतीपूर्ण बन्दै गएको बताएका थिए । उनीहरूले जलवायु अनुकूलन, हरित पूर्वाधार विकास, नवीकरणीय ऊर्जाको प्रवर्द्धन तथा प्राकृतिक स्रोतहरूको वैज्ञानिक व्यवस्थापनमार्फत यस्ता चुनौतीहरूको समाधान खोज्नुपर्ने आवश्यकता औँल्याएका थिए । मन्त्रालयका अनुसार विश्व वातावरण दिवसको अवसरमा आयोजित कार्यक्रमले वातावरण संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा दिगो विकास सम्बन्धी जनचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

कार्यक्रममा उठेका सुझाव तथा सरोकार हरूलाई आगामी नीति तथा कार्यक्रमहरूमा समेट्दै कर्णाली प्रदेशलाई वातावरणमैत्री, जलवायुसहिष्णु तथा दिगो विकासको लक्ष्य प्राप्तिमा अग्रसर रहने प्रतिबद्धता व्यक्त गरिएको छ ।

# सुर्खेतमा दुना-टपरी उद्योग : स्थानीय अर्थतन्त्रको नयाँ सम्भावना



**राधाकृष्ण दास**
डिभिजनल वन अधिकृत, सुर्खेत

**पृष्ठभूमि**

नेपालको परम्परागत जीवनशैलीमा दुना, टपरी र पाते प्लेटको महत्वपूर्ण स्थान रहिआएको छ । विशेषगरी सालको सुकेको पातबाट बनाइने दुना-टपरी धार्मिक अनुष्ठान, विवाह, व्रतबन्ध, भोजभतेर, मेला-पर्व तथा सामूहिक भोजनमा शताब्दीयौँदेखि प्रयोग हुँदै आएको प्राकृतिक सामग्री हो। प्लास्टिक र कागजका भाँडाकुँडाको प्रयोग बढ्नुअघि नेपाली समाजमा दुना-टपरी दैनिक जीवनको अभिन्न हिस्सा थियो ।

पहिले गाउँघरमा कुनै धार्मिक वा सामाजिक कार्यक्रम हुँदा टोल-छिमेकका महिलाहरू सामूहिक रूपमा बसेर दुना-टपरी बनाउने चलन थियो । यसले सामाजिक सद्भाव, श्रमको सम्मान र स्थानीय सीपको संरक्षणसमेत गर्थ्यो। तर पछिल्ला दुई दशकमा प्लास्टिक तथा डिस्पोजेबल सामग्रीको सहज उपलब्धतासँगै यो परम्परा क्रमशः हराउँदै गयो । विश्वव्यापी रूपमा प्लास्टिक प्रदूषण बढ्दै जाँदा वातावरणमैत्री सामग्रीको प्रयोगलाई पुनः प्राथमिकता दिन थालिएको छ । नेपालमा पनि एकपटक प्रयोग हुने प्लास्टिक सामग्रीलाई क्रमशः निरुत्साहित गर्ने नीति अघि बढिरहेको छ । यही परिवेशमा सालको पातबाट उत्पादन हुने दुना, टपरी र पाते प्लेट पुनः आर्थिक, सामाजिक र वातावरणीय दृष्टिले आकर्षक विकल्पका रूपमा उदाउन थालेका छन् । आज बजारमा उपलब्ध अर्धस्वचालित तथा स्वचालित मेसिनको प्रयोगबाट ठूलो परिमाणमा गुणस्तरीय दुना-टपरी उत्पादन गर्न सकिने अवस्था बनेको छ । यसले परम्परागत घरेलु सीपलाई आधुनिक उद्यमसँग जोड्ने अवसर सिर्जना गरेको छ ।

**सुर्खेत : दुना-टपरी उद्योगका लागि उपयुक्त जिल्ला**

सुर्खेत जिल्ला वन स्रोतका दृष्टिले कर्णाली प्रदेशकै सम्भावनायुक्त जिल्लामध्ये एक हो । यहाँ प्रशस्त साल वन रहेको छ, जुन दुना-टपरी उद्योगको मुख्य कच्चा पदार्थ हो ।

डिभिजन वन कार्यालय वीरेन्द्रनगरको कार्यक्षेत्रमा २७२ वटा तथा डिभिजन वन कार्यालय भेरी, बाबियाचौरको कार्यक्षेत्रमा १७७ वटा गरी कुल ४४९ वटा सामुदायिक वन रहेका छन् । यी अधिकांश सामुदायिक वनमा सालका रूख पर्याप्त मात्रामा पाइन्छन् ।

सालका रूखबाट प्राकृतिक रूपमा झरेका सुकेका पात संकलन गरेर उत्पादन गर्न सकिने भएकाले वन फँडानी वा रूख काट्नुपर्ने आवश्यकता पर्दैन । यसले वन संरक्षण र आर्थिक गतिविधिलाई एकैसाथ अघि बढाउने सम्भावना देखाउँछ ।

**हरित रोजगारीको आधार**

सुर्खेतका यी सामुदायिक वनमा करिब ३३ हजार ६७५ घरधुरी उपभोक्ता आबद्ध छन् । तीमध्ये झण्डै ६ हजार ७३५ घरधुरी गरिबीको रेखामुनि रहेको तथ्यांकले देखाउँछ । विशेषगरी विपन्न महिला, दलित, जनजाति तथा बेरोजगार युवालाई सामान्य सीपमूलक तालिम प्रदान गरेर दुना-टपरी उद्योगमा आबद्ध गराउन सकिन्छ। यसबाट न्यून लगानीमै घरमै बसेर आयआर्जन गर्ने अवसर सिर्जना हुन्छ ।

वन व्यवस्थापनसँग जोडिएका समुदायलाई कच्चा पदार्थ संकलनदेखि उत्पादन, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणसम्मको मूल्य शृङ्खलामा सहभागी गराउन सकिए स्थानीय अर्थतन्त्र बलियो बन्न सक्छ ।

**बजारको राम्रो सम्भावना**

दुना-टपरीको बजार अहिले पनि समाप्त भएको छैन, बरु वातावरणीय चेतना बढेसँगै यसको माग विस्तार हुने संकेत देखिएको छ । सुर्खेतका होटल, रेस्टुरेन्ट, धार्मिक स्थल, मठ-मन्दिर, विवाह समारोह, होटल व्यवसाय, सामुदायिक भोज, विद्यालय, सरकारी कार्यक्रम तथा विभिन्न मेलामा यसको प्रयोग बढाउन सकिन्छ । त्यसैगरी वीरेन्द्रनगर बजार, कर्णालीका अन्य जिल्ला, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशसम्म बजार विस्तार गर्न सकिने सम्भावना छ । उचित ब्रान्डिङ र गुणस्तरीय उत्पादन भएमा काठमाडौं लगायतका ठूला शहरमा समेत बिक्री गर्न सकिन्छ । विश्वका धेरै देशहरूले प्लास्टिकजन्य डिस्पोजेबल सामग्रीमा प्रतिबन्ध लगाइरहेका छन् । त्यसैले भविष्यमा निर्यातको सम्भावना पनि अस्वीकार गर्न सकिँदैन ।

**आर्थिक सम्भावना**

दुना-टपरी उद्योगको सबैभन्दा ठूलो विशेषता भनेको यसको कच्चा पदार्थ निःशुल्क वा अत्यन्त न्यून लागतमा उपलब्ध हुनु हो । सालका सुकेका पात प्राकृतिक रूपमा झर्छन् र त्यसलाई संकलन गरेर प्रशोधन गर्न सकिन्छ ।

मुख्य लागत भनेको– पात संकलन, मेसिन खरिद, श्रम, सिलाइ वा प्रेसिङ, प्याकेजिङ, ढुवानी मात्र हो । यदि सामुदायिक वन समूह वा सहकारीमार्फत सामूहिक रूपमा उद्योग सञ्चालन गर्न सकियो भने उत्पादन लागत अझै घटाउन सकिन्छ । यसले महिलाको आयआर्जन बढाउने मात्र होइन, स्थानीय स्तरमै साना तथा घरेलु उद्योग विस्तार गर्न पनि मद्दत पुऱ्याउँछ ।

**वातावरणीय लाभ**

दुना-टपरी उद्योग केवल आर्थिक गतिविधि मात्र होइन, यो वातावरण संरक्षणसँग प्रत्यक्ष जोडिएको उद्योग हो । यसका प्रमुख वातावरणीय लाभहरू–एकपटक प्रयोग हुने प्लास्टिकको विकल्प उपलब्ध हुने, जैविक रूपमा पूर्ण रूपमा गल्ने सामग्री भएकाले प्रदूषण हुँदैन । वन विनाश नगरी सुकेका पात मात्र संकलन गरिने हुँदा वन सफाइमा समेत सहयोग पुग्छ । हरित अर्थतन्त्र प्रवर्द्धन हुन्छ । कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान पुग्छ ।

**सामाजिक लाभ**

दुना-टपरी उद्योगले आर्थिक लाभसँगै सामाजिक रूपान्तरणमा पनि योगदान पुऱ्याउन सक्छ । यस उद्योगबाट–ग्रामीण महिलाको आर्थिक सशक्तीकरण हुनुका साथै बेरोजगार युवालाई स्वरोजगार मिल्छ । सामुदायिक वनको आम्दानी बढ्छ । स्थानीय सीप र परम्परागत ज्ञान संरक्षण हुन्छ । सामूहिक उद्यमशीलता विकास हुन्छ । गरिबी न्यूनीकरणमा सहयोग पुग्छ ।

**चुनौतीहरू**

यति धेरै सम्भावना हुँदाहुँदै पनि सुर्खेतमा दुना-टपरी उद्योगले अपेक्षित गति लिन सकेको छैन ।

बाँकी पृष्ठ ९ मा

# झण्डै ३५ सय...

पहिलो पटक १४ बुँदे घोषणापत्र जारी गर्दै गिडीदहलाई संरक्षण र विकासको राष्ट्रिय बहसमा ल्याउने आधार तयार गऱ्यो । त्यो सम्मेलन केवल पर्यटन प्रवर्द्धनको कार्यक्रम मात्र थिएन, सामाजिक चेतनाको पनि एउटा सन्देश थियो । जोखिमपूर्ण हिमाली क्षेत्रमा महिलाको उपस्थिति दुर्लभ मानिने अवस्थामा उपाध्यक्ष रावल र पत्रकार महासंघकी तत्कालीन उपाध्यक्ष दिलमाया शाहीसहित तीन महिलाको सहभागिताले लैङ्गिक समानताको सशक्त उदाहरण प्रस्तुत गरेको थियो ।

गिडीदहको वास्तविक स्वरूप सार्वजनिक रूपमा स्थापित गर्ने काम २०८१ वैशाख १५ गते सार्वजनिक गरिएको अध्ययन प्रतिवेदनले गऱ्यो । काठमाडौं विश्वविद्यालयले नौ दिन लगाएर गरेको विस्तृत अध्ययनले गिडीदहलाई वैज्ञानिक तथ्यांकसहित राष्ट्रिय बहसमा ल्यायो । उपप्राध्यापक रामदेवी तचामो शाहले सार्वजनिक गरेको प्रतिवेदनअनुसार गिडीदहको कुल लम्बाइ १ हजार ५ सय १० मिटर तथा अधिकतम गहिराइ ४२.३ मिटर रहेको छ । अध्ययनले ठूलो र सानो गरी दुईवटा जलाशय रहेको पुष्टि गरेको छ । ठूलो तालको लम्बाइ १ हजार ६० मिटर र चौडाइ ३ सय १० मिटर रहेको छ भने सानो तालको लम्बाइ ४ सय ५० मिटर, चौडाइ २ सय १० मिटर र गहिराइ २१.३ मिटर मापन गरिएको छ। समग्र ताल २ ९.११ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

अध्ययनले गिडीदह केवल पानीको स्रोत मात्र नभई जैविक विविधताको महत्वपूर्ण केन्द्र भएको देखाएको छ । प्रतिवेदनअनुसार यहाँ राष्ट्रिय महत्व बोकेका १८ प्रकारका चरा, सात प्रकारका स्तनधारी जनावर र ७४ प्रकारका चराचुरुङ्गी पाइन्छन् । लोपोन्मुख रेडपाण्डाको बासस्थानका रूपमा समेत यो क्षेत्र महत्वपूर्ण रहेको उल्लेख गरिएको छ । यस अध्ययनपछि गिडीदह कर्णाली प्रदेशको तेस्रो ठूलो तालका रूपमा औपचारिक रूपमा चिनिन थालेको छ । गिडीदहलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्थानीय सरकारले विभिन्न पूर्वाधार निर्माणका काम अघि बढाएको छ । राष्ट्रिय ताल संरक्षण समितिको ५ लाख र तातोपानी गाउँपालिकाको १० लाख गरी कुल १५ लाख रुपैयाँको लागतमा तालको नापजाँच गरिएको थियो । गिडीदहतर्फ जाने २ हजार ७ सय मिटर घोरेटो बाटो निर्माण गरिएको छ भने डीपीआर, वातावरणीय प्रभाव मूल्यांकन, धर्मशाला निर्माण, सूचना बोर्ड जडान तथा पदमार्ग विकासका काम सम्पन्न भइसकेका छन् ।

कर्णाली राजमार्गको हाँकुबाट २९ किलोमिटर दूरीमा रहेको गिडीदहतर्फको यात्रामा फूलचौल्या, बाइसपाटन, लामाचौर, धप्के पाटन, माझपाटन, बजेडी खोला, गणेशगुफा, शिवभण्डार वन, विष्टज्यू तथा ठाकुरज्यू मन्दिरजस्ता प्राकृतिक तथा धार्मिक सम्पदाको अवलोकन गर्न सकिन्छ । यसले गिडीदहलाई केवल एउटा ताल नभई बहुआयामिक पर्यटन क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना देखाएको छ । गत जेठ २९ देखि ३१ गतेसम्म गिडीदहमा पहिलो पटक आयोजना गरिएको पर्या-पर्यटन तथा जलवायु सम्मेलनले यस क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याएको छ । 'प्रकृति हेरौं, महसुस गरौं, पर्यापर्यटन प्रवर्द्धनमा जुटौं' भन्ने नार ासहित सम्पन्न सम्मेलनले गिडीदह पर्यटन प्रवर्द्धन तथा जलवायु घोषणापत्र-२०८३ जारी गरेको छ । सम्मेलनले दिगो पर्यटन, जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणलाई विकासको मूल आधार बनाउनुपर्ने निष्कर्ष निकालेको छ ।

१५ बुँदे घोषणापत्रमा गिडीदह र आसपासका जलाधार क्षेत्रको संरक्षण, वन्यजन्तुको बासस्थान जोगाउने, जैविक विविधताको संरक्षण गर्ने तथा चरण क्षेत्रको व्यवस्थित उपयोग गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

गिडीदहलाई वातावरणमैत्री पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न प्लास्टिक निषेध क्षेत्र घोषणा गर्ने, शून्य फोहोर व्यवस्थापन रणनीति लागू गर्ने तथा पदमार्ग निर्माणलाई पूर्णता दिने योजना अघि सारिएको छ । पर्यटकका लागि निर्माण गरिने संरचनामा कंक्रिट र सिमेन्टको प्रयोग न्यून गरी प्रकृतिमैत्री संरचनालाई प्राथमिकता दिने नीति पनि घोषणापत्रमा समेटिएको छ ।

सम्मेलनले स्थानीय आर्थिक विकासलाई पर्यटनसँग जोड्ने स्पष्ट रणनीति अघि सारेको छ। रैथाने गाउँहरूमा सामुदायिक होमस्टे सञ्चालन, स्थानीय कला-संस्कृति, भेषभूषा तथा अर्गानिक खाद्य परिकारको प्रवर्द्धन गर्ने योजना सार्वजनिक गरिएको छ ।

युवालाई 'क्लाइमेट गाइड' का रूपमा परिचालन गरी रोजगारी सिर्जना गर्ने अवधारणा पनि अघि सारिएको छ । साथै रैथाने कृषि प्रणालीको संरक्षण, खाद्य सुरक्षाको प्रवर्द्धन, वन तथा जडीबुटी संरक्षण, डढेलो नियन्त्रण तथा जलवायु अनुकूलन कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । सम्मेलन केवल नीतिगत छलफलमा सीमित रहेन । माध्यमिक तहका विद्यार्थीबीच वक्तृत्वकला प्रतियोगिता र जिल्ला स्तरीय खुला देउडा गीत प्रतियोगिता पनि आयोजना गरिएको थियो ।

# सुर्खेतमा...

**यसका मुख्य कारणहरू–**

दुना-टपरी उत्पादन गर्ने मेसिनको मूल्य करिब ३ लाख २५ हजारदेखि ४ लाख रुपैयाँसम्म पर्छ। अधिकांश सामुदायिक वन समूह तथा विपन्न परिवारका लागि यो लगानी गर्न कठिन छ । दुना-टपरी उद्योगलाई हरित उद्योगका रूपमा पर्याप्त प्राथमिकता दिइएको छैन । लक्षित अनुदान, सहुलियत ऋण र प्रवर्द्धन कार्यक्रम सीमित छन् ।

सस्तो प्लास्टिकका प्लेट तथा कप सहज रूपमा उपलब्ध भएकाले बजारमा प्रतिस्पर्धा गर्न चुनौती रहेको छ। गुणस्तरीय प्याकेजिङ, ब्रान्डिङ र बजार व्यवस्थापनको अभावले उत्पादन स्थानीय बजारमै सीमित हुने गरेको छ । उत्पादनलाई व्यावसायिक बनाउन आवश्यक तालिम, डिजाइन र गुणस्तर व्यवस्थापन अझै पर्याप्त छैन ।

**सुधारका सम्भावित उपाय**

दुना-टपरी उद्योगलाई सुर्खेतको प्रमुख हरित उद्योगका रूपमा विकास गर्न निम्न कदम आवश्यक देखिन्छ–तीनै तहका सरकारले प्लास्टिकजन्य डिस्पोजेबल सामग्री क्रमश: विस्थापन गर्ने स्पष्ट नीति लागू गर्ने, उद्योग स्थापना गर्न इच्छुक समूहलाई मेसिन खरिदमा अनुदान तथा सहुलियत ऋण उपलब्ध गराउने, सामुदायिक वन उपभोक्ता, विशेषगरी महिलालाई उत्पादनसम्बन्धी तालिम प्रदान गर्ने, सहकारीमार्फत उत्पादन, संकलन र बजारीकरण गर्ने प्रणाली विकास गर्ने उपाय अपनाउन सकिन्छ ।

त्यस्तै, सुर्खेत ग्रीन प्लेट' वा 'कर्णाली इको प्लेट' जस्ता स्थानीय ब्रान्ड विकास गर्ने, होटल, सरकारी कार्यालय, विद्यालय तथा सार्वजनिक कार्यक्रममा अनिवार्य रूपमा वातावरणमैत्री सामग्री प्रयोग गर्ने नीति लागू गर्ने र प्रदेशस्तरमा बजार प्रवर्द्धन तथा अन्तरप्रदेश व्यापार विस्तार गर्न सकिन्छ ।

**निष्कर्ष**

दुना-टपरी उद्योग सुर्खेतका लागि केवल परम्परागत हस्तकलाको संरक्षण गर्ने माध्यम मात्र होइन, यो हरित रोजगारी, महिला सशक्तीकरण, वन संरक्षण र स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधार बन्न सक्छ । प्रशस्त साल वन, ठूलो सामुदायिक वन सञ्जाल, उपलब्ध श्रमशक्ति र बढ्दो वातावरणीय चेतनालाई अवसरका रूपमा उपयोग गर्न सके सुर्खेत कर्णाली प्रदेशमै वातावरणमैत्री दुना-टपरी उत्पादनको प्रमुख केन्द्रका रूपमा स्थापित हुन सक्छ ।

यसका लागि सरकारी नीति, सामुदायिक वन, स्थानीय तह, सहकारी संस्था, निजी क्षेत्र र बजारबीच प्रभावकारी सहकार्य आवश्यक छ । सही योजना, प्रविधि र बजारीकरणको संयोजन गर्न सकिए दुना-टपरी उद्योगले सुर्खेतमा हरित अर्थतन्त्र निर्माणका साथै हजारौं विपन्न परिवारको आयआर्जन वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने निश्चित छ ।

# दैलेखमा वन अपराध नियन्त्रणबारे वन र प्रहरीबीच अन्तरक्रिया तथा प्रशिक्षण

डिभिजन वन कार्यालय दैलेख र जिल्ला प्रहरी कार्यालय दैलेखका कर्मचारीबीच अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । मंगलबार (जेठ १९) डिभिजन वन कार्यालय दैलेखको आयोजना तथा जिल्ला प्रहरी कार्यालय दैलेखको सह-आयोजनामा कार्यालयको सभाहलमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आनन्द सारुको प्रमुख आतिथ्यता रहेको थियो भने प्रहरी नायब उपरीक्षक श्रवणकुमार विक विशेष अतिथिका रूपमा सहभागी भएका थिए । डिभिजन वन कार्यालय दैलेखका प्रमुख अमरप्रसाद शाहसहित वन कार्यालयका कर्मचारी, जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयका प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो । अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रममा वन अपराध नियन्त्रण, वन सुरक्षा कार्यान्वयन, वन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन, अवैध वन पैदावार ओसारपसार नियन्त्रण तथा वन संरक्षणमा सरोकारवाला निकायबीचको समन्वय र सहकार्यका विषयमा छलफल गरिएको थियो ।

सहभागीहरूले वन अपराध नियन्त्रण तथा वन संरक्षणका कार्यलाई प्रभावकारी बनाउन वन कार्यालय र प्रहरीबीच सूचना आदानप्रदान, संयुक्त अनुगमन तथा समन्वयात्मक कार्यलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रमले वन सुरक्षा तथा वन अपराध नियन्त्रणसम्बन्धी कानुनी तथा प्राविधिक विषयमा सहभागीहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्नुका साथै सम्बन्धित निकायहरूबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको आयोजकले जनाएको छ ।

# विश्व वातावरण दिवसमा वक्तृत्वकला प्रतियोगिता

विश्व वातावरण दिवस-२०२६ को अवसरमा जेठ २२ गते डिभिजन वन कार्यालय दैलेखको आयोजनामा नारायण नगरपालिका-८ तर्ताडस्थित सरस्वती माध्यमिक विद्यालयमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

Inspire by Nature For Climate For Our FutureÆ भन्ने विश्व वातावरण दिवसको मूल नारालाई आत्मसात् गर्दै "हाम्रो भूमि, हाम्रो भविष्य : पर्यावरण संरक्षणमा युवाको दायित्व" विषयमा प्रतियोगिता आयोजना गरिएको हो ।

प्रतियोगितामा छात्रा लक्ष्मी रावल प्रथम, मौसमी गाहा मगर द्वितीय तथा पुष्पा रावल तृतीय भएकी थिइन् । सहभागी विद्यार्थीहरूले वातावरण संरक्षण, जलवायु परिवर्तनका चुनौती तथा प्रकृति संरक्षणमा युवाहरूको भूमिका सम्बन्धी धारणा प्रस्तुत गरेका थिए ।

डिभिजन वन कार्यालय दैलेखले यस्ता कार्यक्रममार्फत वन तथा वातावरण संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्नुका साथै युवा पुस्तालाई प्रकृतिमैत्री व्यवहार अपनाउन प्रेरित गर्ने विश्वास व्यक्त गरेको छ ।

# जाजरकोटमा...

थिए । डिभिजन वन कार्यालयका अनुसार चारवटै सत्र सहभागीहरूको सक्रिय सहभागिता र अन्तरक्रियासहित सम्पन्न भएका छन्। तालिमले वन तथा वन्यजन्तुसम्बन्धी अपराध अनुसन्धान, प्रमाण संकलन, कानुनी प्रक्रिया र अभियोजनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । वन तथा वातावरण संरक्षणमा तीन तहका सरकारबीच समन्वय आवश्यक वन तथा वातावरण संरक्षणमा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र भूमिकालाई प्रभावकारी बनाउने उद्देश्यले जाजरकोटमा नगरपालिका स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । डिभिजन वन कार्यालय जाजरकोटको आयोजनामा सञ्चालन गरिएको "वन तथा वातावरण संरक्षणमा संघ, प्रदेश र स्थानीय तहको भूमिका" विषयक अन्तरक्रियामा वन संरक्षण, वातावरण व्यवस्थापन तथा सामुदायिक वनको दिगो उपयोगका विषयमा सरोकारवालाबीच व्यापक छलफल भएको हो । डिभिजनल वन अधिकृत दिपेश केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नलगाड नगरपालिकाका नगरप्रमुख प्रमुख अतिथि तथा उपप्रमुख विशिष्ट अतिथिका रूपमा सहभागी भएका थिए। कार्यक्रममा नगरपालिकाअन्तर्गतका विभिन्न वडाका वडाध्यक्ष, इलाका प्रहरी कार्यालयका प्रतिनिधि, ४२ वटा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, सञ्चारकर्मी तथा अन्य सरोकारवालासहित करिब ७५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा वन तथा वातावरण संरक्षणमा संघ, प्रदेश र स्थानीय सरकारको संवैधानिक अधिकार, जिम्मेवारी तथा समन्वयात्मक भूमिकाका विषयमा प्रस्तुतीकरण गरिएको थियो। त्यसपछि सहभागीहरूबीच वन संरक्षण, जैविक विविधताको संवर्द्धन, सामुदायिक वन व्यवस्थापन, वनजन्य स्रोतको दिगो उपयोग तथा वातावरणीय चुनौतीहरूको समाधानका उपायबारे अन्तरक्रियात्मक छलफल भएको थियो । सहभागीहरूले वन संरक्षणलाई प्रभावकारी बनाउन तीनै तहका सरकार, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय र स्थानीय समुदायबीच समन्वय र सहकार्यलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए ।

# वन क्षेत्र अतिक्रमण नियन्त्रण समितिको बैठक सम्पन्न, अतिक्रमित क्षेत्र हटाउने निर्णय

जिल्ला स्तरीय वन क्षेत्र अतिक्रमण नियन्त्रण समितिको बैठकले वन क्षेत्रको अतिक्रमण हटाउने कार्यलाई प्राथमिकताका आधारमा अघि बढाउने निर्णय गरेको छ ।

शनिबार (जेठ २३) डिभिजन वन कार्यालय दैलेखको आयोजनामा प्रमुख जिल्ला अधिकारी आनन्द सारुको संयोजकत्वमा सम्पन्न बैठकमा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बैठकमा जिल्लाका विभिन्न वन क्षेत्रमा देखिएका अतिक्रमणका अवस्थाबारे समीक्षा गर्दै नियन्त्रण तथा व्यवस्थापनका उपायहरूबारे छलफल गरिएको थियो । सहभागीहरूले वन क्षेत्र संरक्षण, अतिक्रमण नियन्त्रण तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूबीच समन्वय र सहकार्यलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिएका थिए ।

बैठकले अतिक्रमण भएका क्षेत्रहरूको आवश्यक छानबिन गरी सरोकारवाला निकायहरूको समन्वयमा प्राथमिकताका आधारमा क्रमशः अतिक्रमण हटाउने निर्णय गरेको छ । साथै वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने सहमति समेत भएको जनाइएको छ ।

समितिले वन क्षेत्रको संरक्षण प्राकृतिक स्रोत तथा जैविक विविधता जोगाउने महत्वपूर्ण आधार भएकाले अतिक्रमण नियन्त्रणका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै पक्षको सक्रिय सहयोग आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

# तस्वीर बोल्छ



विश्व वातावरण दिवसका अवसरमा डिभिजन
वन कार्यालयद्वारा आयोजित कार्यक्रम



विश्व वातावरण दिवसका अवसरमा उद्योग, पर्यटन,
वन तथा वातावरण मन्त्रालयद्वारा आयोजित वृक्षारोपण



डिभिजन वन कार्यालय रुकुम पश्चिमद्वारा आयोजित
पाटन खर्च व्यवस्थापन सम्बन्धि कार्यक्रमका सहभागी



विश्व वातावरण दिवसको अवसरमा
जुम्लामा आयोजित चित्रकला प्रतियोगिता



डिभिजन वन कार्यालय दैलेखद्वारा
विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण




डिभिजन वन कार्यालय रुकुम पश्चिमद्वारा
आयोजित वृक्षारोपण कार्यक्रम

## प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ को कार्यान्वयन सम्बन्धमा सार्वजनिक सुचना

प्रस्तुत विषयमा नेपाल सरकारले जारी गरेको "प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ तथा प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्रि-वितरण र प्रयोगमा बिक्रम संवत् २०८२ मंसिर १ गते देखि लागू हुने गरी रोक लगाएको हुँदा यस प्रदेश अन्तर्गत स्थापित तथा सञ्चालित प्लाष्टिकजन्य उद्योगहरुले ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक उत्पादन गरे नगरेको अवस्था यकिन गरी कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक सहयोग गरीदिन हुन सम्बन्धित सरोकारवालाहरुलाई अनुरोध छ।

**विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत

## वन डढेलो लाग्ने कार्य नगर्न र गर्न नदिन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको अनुरोध

सुख्खायाम शुरु भएसँगै यस प्रदेशका विभिन्न जिल्लाहरुमा वन डढेलोका घटनाहरु वृद्धि भईरहेको र वन डढेलो लगाउनु प्रचलित कानून बमोजिम दण्डनीय कार्य भएकोले वन डढेलो लाग्ने कुनै पनि कार्य नगर्न र कोही कसैला गर्न नदिनको लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले यो सुचना जारी गरेको छ । साथै वन डढेलोका घटनाहरु देखेमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालय तथा सुरक्षा निकायहरुलाई तत्काल जानकारी गराउनु हुनको लागि समेत अनुरोध छ ।

वन डढेलो नियन्त्रणको लागि सबै डिभिजन वन कार्यालयमा वन डढेलो फोकल टिम निर्माण गरी तैयारी अवस्थामा राख्नको लागि समेत सबै सब-डिभिजन वन कार्यालयहरुलाई यो सन्देश जारी गरिएको छ ।

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावण मन्त्रालय**
**वीरेन्द्रनगर, सुर्खेत**

हाम्रो
**पर्यावरण**

**प्रमुख संरक्षक** : मा. सुरेश अधिकारी, मन्त्री, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
**संरक्षक** : श्री अजीत कुमार कर्ण, सचिव, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय,
**सल्लाहकार** : श्री शेर बहादुर श्रेष्ठ, प्रदेश वन निर्देशक, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
**कानुनी सल्लाहकार** : श्री खगेन्द्र खत्री शाखा अधिकृत (कानून) उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
**संयोजक** : श्री शेर बहादुर परियार, महाशाखा प्रमुख, वन व्यवस्थापन तथा जैविक विविधतासंरक्षण महाशाखा
**सदस्यहरु** : श्री महेश नेपाली, वन अधिकृत, योजना शाखा
**सदस्य-सचिव** : श्री निसा उपाध्याय, जलाधार व्यवस्थापन अधिकृत, भू तथा जलाधार व्यवस्थापन शाखा